# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ३ प्रकाशन मितिः २०७९/०३/३०


## भाग १

### त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँसभाले बनाएको तपसिलमा लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## स्थानीय शिक्षा दोस्रो संशोधन ऐन, २०७९

**गाउँसभाबाट स्वीकृत मिति : २०७९/०३/१२**

**प्रमाणीकरण मिति : २०७९/०३/३०**

त्रिवेणी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ लाई दोस्रो संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँसभाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरिएको छ ।

| क्र.सं. | हाल भएको व्यवस्था | संशोधन भएको व्यवस्था |
|---|---|---|
| १ | दफा १६ को उपदफा (३) मा भएको गाउँ शिक्षा समितिको कार्यकाल २ शैक्षिक सत्रको अवधिका लागि हुनेछ । | पदावधि तीन वर्षको |

| | | |
|---|---|---|
| २ | दफा १९ को उपदफा (१) को (क) मा भएको वडा अध्यक्ष वा वडा समितिले आफूहरुमध्ये तोकेको जनप्रतिनिधि वा वडा समतिले तोकेको **अन्य** | **अभिभावक (अभिभावक भन्नाले विद्यार्थीको सहोदर आमा, बुवा, बाजे, बज्यै, दाजु, दिदी)** |
| ३ | दफा १९ को उपदफा (१) को (घ) मा भएको **विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना शिक्षक प्रतिनिधि** | **सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छनोट गरी पठाएको एकजना** |
| ४ | दफा १९ को उपदफा २ मा भएको उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि **२ शैक्षिक सत्र** हुनेछ । | **पदावधि तीन वर्षको** |
| ५ | परिच्छेद ३ को दफा २० को उपदफा (४), मा भएको **उपनियम** २ र ३ बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि **२** वर्षको हुनेछ । | **उपदफा** र **तीन** |
| ६ | परिच्छेद ३ को दफा २० को उपदफा (५), (६) र (७) मा भएको **उपनियम** को सट्टा | **उपदफा** हुने |
| ७ | परिच्छेद ५ को दफा २४ को उपदफा (१) मा शिक्षक छनोट समिति ४ सदस्यीय भएकोमा | **(ख१) शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रतिनिधि वा कार्यालयले खटाएको कर्मचारी प्रतिनिधि** सदस्य रहने व्यवस्था थप गरी ५ सदस्यीय शिक्षक छनौट समिति बनाउने |

आज्ञाले,

निम बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत